का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ फागुन २०७८
शनिबार
19 February 2022
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १४, पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

एमसीसी संकट

# अमेरिकी प्रतिक्रियाको चीनद्वारा विरोध


## ■ हिंसा भड्काउने विचारहरु अस्वीकार्यः अमेरिका ■ बलजफ्ती कुटनीति अस्वीकार्यः चीन

एमसीसी परियोजनालाई लिएर अमेरिका र चीनले एकसाथ प्रतिक्रिया जनाएको छ । अमेरिकाले एमसीसीलाई लिएर हिंसा भड्काउने गतिविधि अस्वीकार्य हुने जनाएको छ भने चीनले बलजफ्ती कुटनीतिको विरोध जनाएको छ ।



“ हामी वाक स्वतन्त्रता र तथ्यमा आधारित खुला बहसको बलियो समर्थक हौं । एमसीसीको बिषयमा पनि हाम्रो धारणा त्यही हो ।... तर हिंसा या हिंसा भड्काउने किसिमका विचारहरु स्वीकार्य हुँदैन ।

■ **र्‍याण्डी बेरी**
नेपालका लागि अमेरिकी राजदूत



“ अन्तर्राष्ट्रिय समुदायको नेपालसँग सहकार्य, नेपालको अर्थतन्त्रको विकास र जीविकामा सुधारका लागि गर्ने सहयोगको चीन स्वागत गर्छ । तर यो नेपाली जनताको चाहना र राजनीतिक शर्त बिना हुनुपर्छ ।

■ **वाङ वेनबिङ**
प्रवक्ता, चिनियाँ विदेश मन्त्रालय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

अमेरिकी सहयोग परियोजना एमसीसीबारे अमेरिका र चीनले एकसाथ प्रतिक्रिया जनाएको छ । विवादित परियोजना एमसीसीको विरोधमा सडक प्रदर्शन भइरहँदा अमेरिका र चीनले एकसाथ प्रतिक्रिया जनाएको हो ।

एमसीसी अनुमोदनका लागि दबाव दिँदै आएको अमेरिकाले प्रतिक्रिया जनाए लगत्तै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले बक्तव्य जारी गरेको हो । नेपालका लागि अमेरिकी राजदूत र्‍याण्डी बेरीले ट्वीट गर्दै एमसीसीलाई लिएर हिंसा या हिंसा भड्काउने किमिसका विचारहरु अस्वीकार्य हुने उल्लेख गरेका थिए ।

लगत्तै, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिङले बलजफ्ती कुटनीतिको विरोध जनाएको छ । एमसीसी अनुमोदन नभए चिनियाँ हस्तक्षेपका रुपमा बुझ्ने अमेरिकी विदेश सहायक मन्त्रीले चेतावनी दिएका थिए । गएको २७ माघमा प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई टेलिफोन गरी एमसीसी अनुमोदन नभए चीनको दबावका रुपमा बुझ्ने बताएका थिए ।

चीनले त्यही दबाव उल्लेख गर्दै बलजफ्ती कुटनीतिको विरोध गर्ने बताएको छ । “अन्तर्राष्ट्रिय समुदायको नेपालसँग सहकार्य, नेपालको अर्थतन्त्रको विकास र जीविकामा सुधारका लागि गर्ने सहयोगको चीन स्वागत गर्छ । तर यो नेपाली जनताको चाहना र राजनीतिक शर्त बिना हुनुपर्छ” चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिङले भनेका छन् ।

नेपाली जनताको विकासपथ छनोट गर्न सहयोग जारी राख्ने र आफ्नो हित अनुकुल निर्णय लिने र जनताको इच्छा प्रदर्शित हुनुलाई समर्थन गर्ने चीनको भनाइ छ । “नेपालको असल छिमेकी र विकास साझेदार चीनले नेपाली जनतालाई आफ्नो विकासपथ छनोट गर्न सहयोग जारी राख्छ र आफ्नो देशको हित अनुकूल निर्णय लिने र जनताको इच्छा प्रदर्शित हुनुलाई समर्थन छ”, चीनले एमसीसीबारे भनेको छ ।

अमेरिकी राजदूतको प्रतिक्रिया लगत्तै चीनले विरोध जनाएको थियो । “हामी वाक स्वतन्त्रता र तथ्यमा आधारित खुला बहसको बलियो समर्थक हौं । एमसीसीको बिषयमा पनि हाम्रो धारणा त्यही हो ।... तर हिंसा या हिंसा भड्काउने किसिमका विचारहरु स्वीकार्य हुँदैन”, अमेरिकी राजदूतले लेखेका थिए ।

# प्रधानमन्त्रीको हैरानी

अमेरिकी सहयोग परियोजना एमसीसी अनुमोदन गराउन अमेरिकी दबावमा परेका प्रधानमन्त्री शेरबहादुर देउवालाई सत्ता साझेदार, विपक्षीदेखि आफ्नै दलका नेताहरू मनाउनुपर्ने सजिलो छैन । तर एमसीसीको डेडलाइन नजिकिदै जाँदा प्रधानमन्त्री देउवाको दौडधुप भने कायमै छ ।

दबावमा देउवा



- सत्ता साझेदार गठबन्धन नतोडिएसम्म संसदको गतिरोध नहटाउने र एमसीसीबारे साथ नदिने एमालेको अडान
- माओवादी केन्द्र, एकीकृत समाजवादी र जनमोर्चा एमसीसीको विपक्षमा
- जसपाभित्र एमसीसीबारे मतभेद
- सत्ता गठबन्धन तोड्न काँग्रेसभित्रै दबाव

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग बिहीबार राति भेटवार्ता गरेका प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले शुक्रबार सत्तारुढ गठबन्धनको बैठक राखे । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारुढ दलको बैठक बिना निष्कर्ष सकियो । सत्तारुढ गठबन्धन निष्कर्षमा पुग्न नसक्दा शुक्रबारको प्रतिनिधिसभामा अमेरिकी सहयोग परियोजना एमसीसी कार्यसूचीमै परेनन् ।

प्रधानमन्त्री देउवाले एमसीसी ४ फागुनको प्रतिनिधिसभा बैठकमै पेश गर्ने योजनामा थिए । त्यसका लागि ३ फागुनमा काँग्रेस संसदीय दलको बैठक राखेर एमसीसी संसदमा पेश गर्ने र अनुमोदन गराउने निर्णय गराएका थिए । तर शुक्रबारको बैठकमा पनि एमसीसी कार्यसूचीमा परेनन् । बुधबारको प्रतिनिधिसभा बैठकमा पनि कार्यसूचीमा राखिएको थिएन ।

अब आइतबार भन्दा अगाडि एमसीसी कार्यसूचीमा नपर्ने पक्का छ । किनभने एमसीसीबारे सत्तारुढ गठबन्धनले आइतबार बस्ने बैठकबाट निर्णय लिने सहमति गरेको छ । शुक्रबार बसेको सत्तारुढ गठबन्धनको बैठकले सहमतीमै एमसीसीबारे निकास निकाल्ने निर्णय समेत गरेको छ ।

प्रधानमन्त्री देउवाले आज दिनभर एमसीसीबारे सहमति जुटाउने प्रयत्न गर्नेछन् । प्रधानमन्त्री देउवाले एमसीसीबारे गएको १२ माघबाटै छलफल तीव्र बनाएका छन् । राष्ट्रियसभा निर्वाचन सकिए लगत्तै प्रधानमन्त्री देउवाको प्राथमिकता एमसीसीमै छ । एमसीसीले पनि प्रधानमन्त्री देउवालाई चर्को दबाव दिएका छन् । गएको भदौ यता लगातार एमसीसीले – बाँकी पृष्ठ २ मा

# श्रमिक अस्पताल बनाउन सैद्धान्तिक सहमति

**काठमाडौं/रासस–** सरकारले श्रमिक अस्पताल स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ । मन्त्रिपरिषद्को यही फागुन ५ गते बसेको बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्न शुक्रबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सो जानकारी दिए ।

सरकारले श्रमिक अस्पताल निर्माणका निम्ति सैद्धान्तिक सहमति दिएको छ । मन्त्रिपरिषद्को बिहीबारको बैठकले उक्त सहमति दिएको हो । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्हालेदेखि नै श्रमिक अस्पताल निर्माणलाई प्राथमिकतामा राखेर मन्त्रालयका सहसचिव शेषनारायण पौडेलका संयोजकत्वमा अस्पताल निर्माणको सम्भाव्यता अध्ययन टोली गठन गरेका थिए ।

उक्त टोलीले अस्पताल संचालनको लागि मानवीय, भौतिक, आर्थिक तथा व्यवस्थापकीय स्रोत साधन, सञ्चालन प्रारुपलगायत पक्षमा अध्ययन गरिरहेको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

मुलुकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, निजामती कर्मचारीका लागि छुट्टै अस्पतालको व्यवस्था भएकाले मुलुकको आर्थिक विकासमा योगदान गरिरहेका श्रमिकलाई सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था गर्न छुट्टै अस्पताल निर्माणलाई मन्त्री श्रेष्ठले प्राथमिकताका साथ मन्त्रिपरिषद्मा प्रस्ताव गरेका हुन् ।

सत्तरी लाखभन्दा बढी आन्तरिक रोजगारीमा रहेका श्रमिक तथा उनीहरुको परिवारका सदस्यका लागि कार्यस्थल दुर्घटना, मातृत्व संरक्षण, बिरामी हुँदा औषधि उपचार सुविधा उपलब्ध गराउने, पेसागत कारणले लाग्ने रोगको रोकथामका लागि अनुसन्धान, निदान एवं उपचार गर्न विशेषज्ञ अस्पताल विकास गर्ने, योगदानमा आधारिक सामाजिक सुरक्षा कार्यक्रमले उपलब्ध गराउने श्रमिकको स्वास्थ्य उपचारसम्बन्धी व्यवस्था – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## दुबई भिजिटमा जान लागेका ३५ जना एयरपोर्टमै रोकिए

**काठमाडौं/मस–** साँस्कृतिक कार्यक्रमका लागि भिजिट भिसामा दुबई जान लागेका ३५ जना कलाकारलाई त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयले रोकिदिएको छ । प्रियसी म्युजिक प्रालिबाट टुरिष्ट भिसामा दुबई जान लागेका उनीहरुको यात्रा अध्यागमन कर्मचारीले शंका लागेको भन्दै रोकेका हुन् ।

उनीहरु फ्लाई दुबइको उडानबाट शुक्रबार दिउँसो दुबई जान विमानस्थल पुगेका थिए । अध्यागमन कर्मचारीले दुबईस्थित नेपाली दूतावासको नो अब्जेक्सन लेटर र गृहमन्त्रालयले तोकेको कागजपत्र नभएपछि रोकेको दाबी गरेका छन् ।

सम्झना

# तरेलीमा तारानाथ शर्मा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ फागुन ।

झर्रोवादी साहित्यका अगुवा डा. ताना शर्मालाई एकपटक कसैले सोध्यो- आफ्नो जिन्दगीलाई कसरी विश्लेषण गर्नुहुन्छ ?

जवाफ थियो- मेरो जिन्दगी गण्डकीको पानी जस्तै हो, कहिले तल त कहिले माथि ।

शर्माको उत्तर जस्तै ताना शर्माले जिन्दगीका अनेक उचारचढावलाई सहन गरे । तर, गत फागून ३ गते उनको जीवनमा यस्तो उतारचढाव आयो कि उनले त्यो उतारचढाव सहन सकेकन् र भौतिक देह त्याग गरी उनी नफर्किने बाटो लागे ।

ताना शर्माको वास्तविक नाम तारानाथ भण्डारी हो, तर उनले बनारसमा पढ्न गएपछि नाम फेरेर ताना शर्मा राखेका थिए । शर्माको जन्म १९९१ असार ९ गते ईलामको बरबोटेमा भएको थियो । उनी पिता प्रजापति उपाध्याय र माता देवकीको पहिलो पुत्र थिए । उनले प्रारम्भिक शिक्षा गाउँबाटै सुरु गरेका थिए । अक्षर चिनिसकेपछि उनले रुद्री, ‘चण्डी’ पढें, अलिअलि वेद पनि पढाए अनि संस्कृतको अमरकोशको पनि अध्ययन गरे । ज्योतिषको गणना गर्ने किताब पढेका उनले ईलामको चन्द्र-मोहन मिडिल स्कुलमा तीन कक्षादेखि अङ्ग्रेजी पढ्न थालेका थिए ।

६ कक्षासम्म ईलामको फिक्कलमै पढेका उनले दार्जिलिङको सेन्ट जोसेफमा एकै पटक नौ कक्षामा भर्ना भए । सधैं पहिलो हुने शर्माले १२ कक्षासम्म दार्जिलिङमै पढे । त्यसपछि बनारसबाट बिए गरेर नेपाल फर्किएका शर्मा दोस्रो भाषा अंग्रेजीमा स्नातकोत्तर अध्ययनका लागि पटना पुगेका थिए ।

उनले अमेरिकाको विस्कन्सिन विश्वविद्यालयबाट भाषाविज्ञानमा विद्यावारिधि समेत गरेका थिए । अनि, उनले नेपाल फर्किएर त्रिभुवन विश्वविद्यालय केन्द्रीय नेपाली विभागमा केही समय अध्यापन गराए । त्यसक्रममा उनले अमेरिकामा आगन्तुक प्राध्यापकका रुपमा पनि केही वर्ष काम गरे । उनी नियात्रा विधाका संस्थापक, नेपाली निबन्धकार, उपन्यासकार, समालोचक र कथाकार पनि हुन् । ताना शर्मालाई धेरैले सरल साहित्यकार र निर्मम समालोचकका रुपमा पनि ब्याख्या गर्ने गरेका छन् ।

शर्माको २००८ सालमा दार्जिलिङबाट निस्कने ‘साथी’ साप्ताहिक पत्रिकामा पहिलो ’इलाम’ शीर्षकको निबन्ध छापिएको थियो । ‘इलाम’ निबन्ध छापिएपछि नेपाली साहित्यमा उनको प्रवेश भएको थियो । उनको पहिलो पुस्तक ‘नमस्ते’ निबन्ध संग्रह २०१८ सालमा प्रकाशित भएको थियो । दोस्रो कृति २०२१ सालमा ‘घोत्ल्याइहरू’ समालोचना संग्रह प्रकाशित भयो । गोपालप्रसाद रिमालको ‘आमाको सपना’ कविता सङ्ग्रह २०२० मा र गुरूप्रसाद मैनालीको ’नासो’ कथा सङ्ग्रह २०२१ मा प्रकाशित भएको थियो, जसलाई शर्माले आफैंले सम्पादन गरेका थिए ।

> नेपाली साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएका शर्माको सम्पादन र मौलिक गरी करिब दुई सय कृति प्रकाशित भएका छन् । नियात्राका सगरमाथा शर्मा भौतिक रुपमा नरहेन पनि उनको कृति र योगदानको भने नेपाली साहित्य क्षेत्रले जुँगौजुँग सम्मान गर्नेछ ।



शर्माले २०१३ सालमा बालकृष्ण पोखरेल, कोषराज रेग्मी, चुडामणि रेग्मी, बल्लभमणि दाहालहरुसंग मिलेर झर्रोवादी अभियान सुरु गरेका थिए । झर्रोवादी आन्दोलनको मुख्य उद्देश्य नचाहिँदा क्लिष्ट शब्दावलीहरुलाई हटाएर सरल र सरस नेपाली भाषाको प्रयोग गर्नु थियो । तत्सम र आगन्तुक भाषाबाट आएका क्लिष्ट शब्दावलीलाई सरलीकरण गर्नु थियो । नेपाली भाषाको अस्तित्व रक्षाको लागि ‘झर्रोवादी आन्दोलन’को सुरुवात गरेको शर्माले बताएका थिए । उनले ‘नौलो पाइलो’ नामक पत्रिका प्रकाशन गर्दै झर्रोवादबारे ब्याख्या र आवश्यकताको चर्चा पनि गरेका थिए ।

साहित्यमा विशेष योगदान पुऱ्याइरहेका शर्मा निबन्ध संग्रहमा – बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
७ फागुन २०७८, शनिबार
19 February 2022, Saturday

# हाइड्रोजन ऊर्जासम्बन्धी प्रतिवेदन पेश

**काठमाडौं/मस-**विद्युतीय ऊर्जा उपयोग गरेर हाइड्रोजन ऊर्जा उत्पादन गरी विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम गर्ने विषयमा अध्ययन गर्न गठित समितिले शुक्रबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल समक्ष प्रतिवेदन पेश गरेको छ।

जल तथा ऊर्जा आयोगका सचिव दिनेशकुमार घिमिरेले शुक्रबार मन्त्री भुसाललाई सो प्रतिवेदन पेश गरेका हुन्। नवीकरणीय ऊर्जाको स्रोतका रूपमा जलविद्युतबाट हरित हाइड्रोजन उत्पादन गरी प्रयोगमा ल्याउने विषयमा मन्त्रालयले गत मंसिर १ गते जल तथा ऊर्जा आयोगको सचिवालयका सहसचिवको नेतृत्वमा सात सदस्यीय अध्ययन समिति गठन गरेको थियो।

सो अध्ययन समितिको सदस्यमा मन्त्रालयका ऊर्जा हेर्ने सहसचिव, विद्युत् विकास विभागका उपमहानिर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका उपकार्यकारी निर्देशक, त्रिभुवन विश्व विश्वविद्यालयका ऊर्जा विशेषज्ञ, काठमाडौं विश्व विद्यालयका ऊर्जा विशेषज्ञ र जल तथा ऊर्जा आयोगका सिडिइ थिए।

शुक्रबार पेश गरिएको प्रतिवेदनमा नेपालले हरित हाइड्रोजन नियमन कानुनी



ढाँचा तयार गरेर अगाडि बढ्न पनि सुझाव दिइएको छ। प्रतिवेदनमा भनिएको छ, 'पहिले विशिष्ट नीति, रणनीति र मार्ग चित्र बनाउने, विद्यमान सान्दर्भिक कानुनमा आवश्यक परिवर्तन गर्ने र हाइड्रोजनमा विशेष कानुन लागू हुने संरचना तयार गर्नुपर्छ।'

त्यसैगरी नेपालमा हरित हाइड्रोजन उत्पादन गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनासहितको मार्गचित्र बनाउन सुझाव दिइएको छ।

प्रतिवेदनमा छुट्टै निकाय गठन गरेर हाइड्रोजन ऊर्जा उत्पादन गर्न पनि सुझाइएको छ। प्रतिवेदनमा भनिएको छ, 'निजी क्षेत्रले लिने व्यापारिक चासोको समग्र सुशासन र नियमनका लागि दीर्घकालीन निकायको रुपमा छुट्टै संस्था गठन गर्नुपर्छ।'

त्यसैगरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई सुरुआतका गतिविधि आरम्भ गर्न, नियामक ढाँचा र हाइड्रोजन उत्पादन पाइलटिङ गर्न प्रमुख भूमिका खेल्न पनि प्रस्ताव गरिएको छ।

त्यसैगरी प्रतिवेदनमा पहिलो चरणमा नीति निर्माण गर्ने, दोस्रो चरणमा हाइड्रोजन ऊर्जा उत्पादन र प्रयोगलाई व्यावसायिक रुपमा अगाडि बढाउने र तेस्रो चरणमा विश्व बजारमा हाइड्रोजन ऊर्जामा नेपालको उपस्थिति देखाउने गरी अगाडि बढ्न सुझाव दिइएको छ।

प्रतिवेदन ग्रहण गर्दै ऊर्जामन्त्री भुसालले सरकारले हाइड्रोजनसम्बन्धी नीति बनाउने र त्यसका लागि विज्ञसँग सुझाव लिएर अगाडि बढ्ने विश्वास दिलाइन्। उनले आगामी दिनमा देश नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने नीतिमा प्रतिबद्ध रहेको उल्लेख गर्दै नयाँ प्रविधिका रुपमा विश्वमा आगाडि आइरहेको हाइड्रोजन ऊर्जा उत्पादन र खपत सम्बन्धमा नेपालले अग्रणी भूमिका निर्वाह गर्न सक्ने अवसर रहेको बताइन्। त्यस अवसरमा जल तथा ऊर्जा आयोगका सचिव घिमिरेले प्राप्त प्रतिवेदन हाइड्रोजन ऊर्जासम्बन्धी नीति निर्माणमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए।

## कतारमा मनाइयो सहिद लखन थापा स्मृति दिवस

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ६ फागुन



गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार र नेपाल मगर संघ शाखा कतारको संयुक्त आयोजनामा १४५ औं प्रथम सहिद क्या.लखन थापा मगर स्मृति दिवस मनाइएको छ। एनआरएनए एनसीसी कतारका अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानको सभापतित्व तथा एनआरएनए आइसिसीका सल्लाहकार टिबी कार्कीको प्रमुख आतिथ्यतामा थापा मगरलगायत अन्य ज्ञात अज्ञात सहिदहरू प्रति श्रद्धान्जली व्यक्त गर्दै स्मृति दिवस मनाइएको हो।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि कार्कीले राष्ट्रका लागि विद्रोह सुरु गरेको हुँदी थापा राष्ट्रवादी पहिला र मृत्यु पछि मात्र सहिद भएको हुँदा उनी एक राष्ट्रवादी सहिद भएको बताए।

ब्यानर अनावरण सहित सुरुवात भएको कार्यक्रममा थापा मगरको स्मृतिमा दीप प्रज्वलन गरिएको थियो। लखन थापा मगरको फोटोमा कार्यरमका प्रमुख अतिथि, विशिष्ट अतिथिलगायत उपस्थितले खादाले सम्मान व्यक्त गर्दै दीप प्रज्वलन गरेका थिए। सहिद मगरका बारेमा मगर संघका अध्यक्ष विवेक पुलामी मगरले एतिहाँसिक जानकारी कार्यक्रममा राखेका थिए। उनले पहिलो पटक एनआरएनए एनसीसीसँग सहकार्य गरेर स्मृति दिवस मनाउन पाउँदा सिङ्गो मगर समुदायमा छुट्टै हौसला मिलेको बताए।

उनले जहानियाँ राणा शासनको विरुद्ध तथा नेपाली जनता र राष्ट्रको स्वतन्त्रताको लागि आवाज उठाउँदा आफ्नो प्राण आहुति दिएका थापा मगरको गोर्खा मन्दिर परिसरमा रुखमा झुन्ड्याएर मृत्युदण्ड दिइएको बताए। कार्यक्रममा बोल्ने वक्ताहरूले लखन थापालाई प्रथम सहिद धोषणा गरिए पनि मगर समुदायले मात्र स्मृति दिवस मनाउने गरेको प्रति लक्षित गर्दै सहिद दिवसहरू राष्ट्रको दिवस हुनु पर्ने र प्रवासमा पनि सबै नेपालीले सामूहिकरूपमा मनाउनु पर्ने बिचार राखेका थिए। सहिदका ईतिहास थप खोजी हुनु पर्ने वक्ताहरूको भनाई थियो।

कार्यक्रमको समापन गर्दै सभापति मुक्तदाले पहिलो सहिददेखि आजसम्म राष्ट्रका नाममा सहादत प्राप्त गर्ने सबै सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै वीर सहिद बिना नेपालको परिकल्पना गर्न नसकिने बताए। 'सहिदहरुको बलिदानले नेपाल बनेको कारण आज हामी स्वतन्त्र नेपाली नागरिक भएर बाच्न पाएका छौं', उनले भने। मगर संघ कतारका प्रथम उपाध्यक्ष केशव राना मगरले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई नरेश सिञ्जाली मगरले सहजीकरण गरेका थिए।

## ब्राउन सुगरसहित एक युवक पक्राउ



**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, ६ फागुन

सिरहा प्रहरीले सदरमुकाम सिरहामा प्रतिबन्धित लागू औषध ब्राउन सुगर सहित एक युवकलाई पक्राउ गरेको छ।

सदरमुकाम सिरहाको एक होटलबाट विहीबार साँझ ब्राउन सुगरसहित सिरहा नगरपालिका-६ बसपिट्टाका भुटाइ भन्ने आमोद यादवलाई पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। गोप्य सूचनाको आधारमा ब्राउन सुगरसहित होटलमा पुगेको खबर पाएपछि जिल्ला प्रहरी कार्यालय सिरहाबा खटिएका प्रहरी टोलीले यादवलाई पक्राउ गरेको हो भने अर्का एक जना फरार भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका यादवलाई प्रतिबन्धित ब्राउन सुगरसहित जिल्ला प्रहरी कार्यालयमा राखिएको र थप अनुसन्धान थालिएको प्रहरी प्रवक्ता डिएसपी सुभाष बुढाथोकीले मध्यान्हलाई जानकारी दिए।

### प्रधानमन्त्रीको ....

दबाव बढाएको छ। २२ भदौमा एमसीसीले पत्र लेखेको थियो। भोलिपल्टै एमसीसीकी उपाध्यक्ष फातिमा सुमार चार दिने नेपाल भ्रमणमा आए।

१३ कात्तिकमा एमसीसीले बक्तव्य जारी गरेर एमसीसी नेपाली जनताको हितमा रहेको बताएको थियो। प्रतिनिधिसभा अधिवेशन अन्त्य भएलगत्तै बक्तव्य जारी गरेर एमसीसीले दबाव दिएको थियो। १ मंसिरमा अमेरिकी सहायक विदेश मन्त्री नेपाल भ्रमणमा आएका थिए। २७ माघमा प्रधानमन्त्री देउवा सहित विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई टेलिफोन गरेरै एमसीसी अनुमोदन गराउन दबाव दिएको थियो।

एमसीसीले १६ फागुन (फेब्रअरी २८) भित्र एमसीसी अनुमोदनको डेडलाइन दिएको छ। तर प्रधानमन्त्री देउवाले विपक्षी दल एमाले मात्रै नभएर सत्ता साझेदार नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको समेत साथ पाउन सकेका छैनन्। एमाले गठबन्धन तोडेमा एमसीसीमा सहयोग गर्ने बताइरहेको छ। गठबन्धनका नेताहरु एमसीसी संशोधन नगरी अनुमोदनको पक्षमा छैनन्। काँग्रेसभित्रै भने गठबन्धन तोडेर भएपनि अगाडि बढ्नुपर्ने दबाव छ।

### सम्झना....

मदन पुरस्कार पाउने पहिलो व्यक्ति थिए। उनको 'बेलाईततिर बरालिँदा' भन्ने कृतिले २०२६ सालको मदन पुरस्कार प्राप्त गरेको थियो। त्यसैगरी 'सम र समका कृति' का लागि २०२९ सालमा शर्माले साझा पुरस्कार पाएका थिए। २०२३ सालमा रत्नश्री स्वर्णपदक प्राप्त गरेका शर्माले २०३९ सालमा सर्वश्रेष्ठ पाठ्यपुस्तक लेखन पुरस्कार समेत पाएका थिए। उनलाई २०४५ सालमा गान्तोक-सिक्किममा अभिनन्दन समेत गरिएको थियो।

शर्माले मवीवि शाहको 'उसैका लागि' कविता संग्रह आलोचना गर्दा तीन महिनाको जेलजीवन बिताएका थिए। तर, बालकृष्ण समको 'चिसो चुल्हो' कृति समालोचना गर्दा भने उनीहरुबीच निकटता बढ्केो थियो। नेपाली साहित्यमा निबन्ध, समालोचना, कथासँगै पाँचवटा उपन्यास २०३० मा 'सुली', २०२३ मा 'मेरो कथा', २०२३ मा 'ओझेल पर्दा', २०३५ 'झझल्को', २०४८ मा 'नेपालदेखि अमेरिकासम्म' प्रकाशित भएका छन्। उनी समालोचनामा अब्बल भएका कारण उनका उपन्याससंगै केही कृतिहरु ओझेलेमा परेको चर्चा पनि हुने गरेको छ।

शर्माले जीवनको उत्तरार्धमा संस्कृत भाषा, राष्ट्र राष्ट्रियता र वैदिक वाङ्मयको वकालत सुरु गरेका थिए। सुरुवाती चरणमा प्रगतिवादी साहित्यकारको रुपमा परिचित शर्मा २०४७ सालको परिवर्तनपछि भने नेपाली कांग्रेसमा प्रवेश गरे। २०४७ कै परिवर्तनपछि उनी राइजिङ नेपालको सम्पादक समेत बनेका थिए। पछिल्लो समय झर्रोवादी आन्दोलनलाई धेरैले छाड्दै गए पनि साहित्यकार शर्माले भने यसलाई पूर्ण रुपमा त्यागेनन्। बरु, यसको आवश्यकता र महत्वको चर्चा गरिरहे।

नेपाली साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएका शर्माको सम्पादन र मौलिक गरी करिब दुई सय कृति प्रकाशित भएका छन्। नियात्राका सगरमाथा शर्मा भौतिक रुपमा नरहेन पनि उनको कृति र योगदानको भने नेपाली साहित्य क्षेत्रले जुँगौजुँग सम्मान गर्नेछ। अलबिदा साहित्यकार एवं अगुवा ताना शर्मा।

### श्रमिक ...

कार्यान्वयन गराउनुका साथै वैदेशिक रोजगारीबाट फर्केका श्रमिक तथा उनीहरूका परिवारका सदस्यलाई पनि सहुलियतमा उपचार सेवा उपलब्ध गराउने लक्ष्य छ।

## राससका उत्कृष्ट समाचारदाता पुरस्कृत

**काठमाडौं/मस-** राष्ट्रिय समाचार समिति (रासस) ले ६१औं वार्षिकोत्सवका अवसरमा वर्षभर उत्कृष्ट र धेरै समाचार सम्प्रेषण गरेका सातै प्रदेशका स्थानीय समाचारदाता, फोटो पत्रकार तथा आलेख समाचारदातालाई पुरस्कृत गर्ने निर्णय गरेको छ।

रासस सञ्चालक समितिको शुक्रबार बसेको बैठकले उनीहरुलाई ती पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो।



पुरस्कृत हुने स्थानीय समाचारदाताहरुमा प्रदेश-१ बाट दिलकुमार लिम्बू, (फुङलिङ, ताप्लेजुङ), मधेश प्रदेशबाट अजयकुमार साह, (धनुषा), वाग्मती प्रदेशमा देवराज सुवेदी, (सिन्धुपाल्चोक), गण्डकी प्रदेशबाट तारानाथ आचार्य (बलेवा, बागलुङ), लुम्बिनी प्रदेशबाट सुशीला रेग्मी, (रामपुर, पाल्पा), कर्णाली प्रदेशबाट मिमबहादुर रावल (कालीकोट) र सुदूरपश्चिम प्रदेशबाट विनोदसिंह विष्ट (बैतडी) छन्।

'भ्रुण हत्या रोक्न कस्सिए छोरीका आमाहरू' शीर्षकमा रञ्जीता अधिकारी (देउखुरी, दाङ) लाई आलेख समाचारमा पुरस्कृत गरिएको छ। सक्रिय रुपमा फोटोग्राफीमा खटिएबापत रासस केन्द्रीय कार्यालयका फोटो पत्रकार रत्नकृष्ण श्रेष्ठ र भीषण वर्षा, बाढी/पहिरो, हिमपातका अवस्थामा पनि जोखिम मोलेर निरन्तररूपमा मनाङबाट उत्कृष्ट तस्वीर सम्प्रेषण गरेबापत नवीन लामिछानेलाई संयुक्त रुपमा प्रदान गर्ने निर्णय गरिएको छ। पुरस्कारको राशि जनही रु.१५ हजार तथा प्रशंसापत्र छ।

## १३ वर्षदेखि हुन सकेन स्ववियु निर्वाचन

**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयका क्याम्पसहरुमा विगत एक दशकदेखि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुन सकेको छैन। निर्वाचन प्रत्येक दुई/दुई वर्षमा हुनुपर्ने भनिएपनि २०६५ सालयता नियमित हुन नसकेको हो।




पञ्चायतकाल, सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनकालमा नियमित हुँदै आएको स्ववियु निर्वाचन अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि भने १३ वर्षदेखि हुन सकेको छैन। गणतन्त्र स्थापना भएपछि एक पटक मात्र भएको निर्वाचन त्यसपछि भने नियमित हुन नसकेको हो।

त्रिविले शैक्षिक क्यालेण्डरमा हरेक दुई वर्षमा फागुन १४ गते स्ववियु निर्वाचनको कार्यतालिका राखेर निर्वाचन गराउँदै आएको थियो। विसं २०६५ सम्म नियमित हुँदै आएको निर्वाचन अहिले भने रोकिएको छ। विसं २०६५ पछि एकै पटक आठ वर्षपछि २०७३ चैत १५ गते भएको थियो। २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि नियमति स्ववियु निर्वाचन भएको छैन। पछिल्लो पटक उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि पहिलो पटक २०७३ सालमा त्रिविले स्ववियु निर्वाचन गराए पनि आंशिकरुपमा केही क्याम्पसमा मात्र भएको थियो तर त्यसपछि यता पटक-पटक त्रिविले स्ववियु निर्वाचन घोषणा गरे पनि हुन सकेको छैन। अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले आफ्नो संगठन स्ववियु निर्वाचनका लागि तयार रहेको बताइन्। उनले अहिले फागुन १४ गते हुन नसके पनि चैतमा चुनाव गर्नुपर्ने बताइन्। 'नेपालको शैक्षिक नीति परिवर्तनका लागि मुख्य भूमिका खेल्ने स्ववियु अहिले क्याम्पसमा रहेको छैन', उनले भने, 'नेपालको विद्यार्थी आन्दोलनलाई रक्षा गर्ने स्ववियुको निर्वाचन चाँडै तोक्नुपर्दछ।'

नेपाल विद्याथी संघका नेता बलदेव तिमिल्सेनाले त्रिविले चाँडै निर्वाचनको मिति घोषणा गर्नुपर्ने बताए। उनले त्रिविका पदाधिकारीको गैरजिम्मेवारीपनले निर्वाचन हुन नसकेको बताए। 'हामीले निर्वाचन कार्यतालिका तत्काल प्रकाशन गर्न दवाव दिएका छौं', उनले भने, 'यदि एक हप्ताभित्र निर्वाचनको तालिका प्रकाशन नगरे हामी त्रिविका विरुद्ध निर्वाचन गर्न दबाब दिँदै संघर्षका कार्यक्रम सार्वजनिक गर्दछौं।' उनले उमेर हदबन्दी र निर्वाचन प्रणालीको कारणले स्ववियु निर्वाचन प्रभावित भएको हुन सक्ने बताए। उनले आफ्नो संगठन उमेर हदबन्दी र प्रणालीमा लचकता अपनाउने बताए। 'उमेर हदबन्दी र प्रणालीप्रति हाम्रो अझै असहमति छ', उनले भने, 'तर निर्वाचनका लागि भने ३० वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणालीमा हामी सहमति गरेर जान्छौं। हाम्रै कारणले निर्वाचन हामी रोक्दैनौं।' त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गर्नबारे प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री बालकृष्ण खाँणसँग परामर्श भइरहेको बताए। 'लामो समय स्ववियु निर्वाचन नभएकाले सरकारसँग हामी परामर्श गरिरहेका छौं', उनले भने।

उनले त्रिवि पनि स्ववियु निर्वाचन गर्न आतुर रहेको बताए। निर्देशनालयका निर्देशक अधिकारीले स्ववियु निर्वाचनका सम्बन्धमा विद्यार्थी संगठनसँग पनि निरन्तर छलफल गरिरहेको बताए।

## रौतहट डायरी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**

### निर्वाचन दिवसको अवसरमा अन्तरक्रिया

छैठौं निर्वाचन दिवस २०७८ को अवसरमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा सरोकारवालाहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम गौरमा सम्पन्न भएको छ।



फागुन ७ गते परेको निर्वाचन दिवसको अवसरमा जिल्ला निर्वाचन कार्यालय रौतहटद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै निर्वाचन अधिकृत छोटेलाल दासले जिल्लामा मतदाताको संख्या बढेकोले मतदान केन्द्र पनि थप हुने बताए। चैत ५ गतेदेखि १३ गतेसम्म स्थानीय तह अनुसार अन्तिम मतदाता नामावली सार्वजनिक हुने जानकारी दिंदै उनले मतदाता परिचयपत्र नष्ट भएको वा हराएका व्यक्तिले फागुन २० गतेसम्म सम्बन्धित वडा कार्यालयको सिफारिससहित आफ्नो मतदाता नामावली रहेको जिल्लाको निर्वाचन कार्यालयमा मतदाता परिचयपत्रको लागि निवेदन दिनका लागि निर्वाचन आयोगद्वारा सूचना समेत प्रकाशित भएकाले सम्बन्धित निकायमा गएर दर्ता गर्न सकिने बताए। जिल्ला समन्वय समितिको सभा हलमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाही, जिल्ला समन्वय समितिका सभापति रामएकवाल यादव लगायतले निर्वाचनका महत्वबारे आआफ्नो मन्तव्य राख्दै स्थानीय निकायको निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुनेमा विश्वस्त रहेको बताए। अन्तरकृया कार्यक्रममा सुरक्षा निकायका प्रमुख, कर्मचारी, विभिन्न निकायका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

### ट्याक्टरको ठक्करबाट एक जनाको मृत्यु

रौतहटमा ट्याक्टरको ठक्करबाट मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ।



जिल्लाको दुर्गा भगवती गाँउपालिका वडा नं. २ कर्बोलमा बिहीबार बेलुकी भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। मृतकको अहिले सनाखत हुन सकेको छैन।

गंगा पिप्राबाट सुकदेवचोकतर्फ जाँदै गरेको ना २ त ८६०५ नम्बरको ट्याक्टरले बिपरित दिशाबाट आउँदै गरेको भारतीय नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालकको उपचारको क्रममा जिल्ला अस्पताल गौरमा मृत्यु भएको हो।

दुर्घटना पश्चात ट्याक्टर चालक फरार भएको र फारार चालकको खोजी भइरहेको ईलाका प्रहरी कार्यालय गंगापिपरा रौतहटले जनाएको छ।

## भूपू सैनिक तथा प्रहरी संगठनको प्रदेश अधिवेशन सम्पन्न

**दिपक खड्का/मध्यान्ह**
विराटनगर, ६ फागुन



नेकपा एमालेको भातृ संगठन नेपाल राष्ट्रिय भुतपूर्व सैनिक तथा प्रहरी संगठन प्रदेश नं १ को प्रथम अधिवेशन सम्पन्न भएको छ। बुधबार इटहरीस्थित नेकपा एमाले नगर कमिटीको सभाहलमा सम्पन्न उक्त भेलालले तिर्थराज घिमिरेको अध्यक्षतामा ७१ सदस्यीय प्रदेश कमिटी सर्वसम्मतरुपमा चयन गरेको हो।

कमिटीको उपाध्यक्षामा ध्वजबहादुर मगर, सचिव डिल्ली घिमिरे, उपसचिव तुलाराम राई, कोषाध्यक्ष अमृत गुरुङ, सदस्यहरु राधेश्याम घिमिरे, ढुण्डीराज पोखरेल, नारायण राई, कल्पना पाण्डेलगायत रहेका छन्। त्यसैगरी इन्चार्जहरुमा खीलाकुमारी श्रेष्ठ (उदयपुर), संदीप पराजुली (इलाम), मित्र गुरुङ (संखुवासभा), नयन श्रेष्ठ (मोरङ), उदीप राई (भोजपुर)लगायत तथा जिल्ला अध्यक्षहरुमा रामकुमार श्रेष्ठ (मोरङ ), रमेश कार्की (सुनसरी), भीम परियार (उदयपुर), मेघराज राई (भोजपुर) लगायत रहेका छन्।

देवराज राइको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले पोलिटब्यूरो सदस्य एवं प्रदेश न १ का इन्चार्ज देवराज घिमिरे, विशेष अतिथि नेकपा एमाले केन्द्रीय सदस्य एवं स्थायी कमिटी सदस्य आन्नद पोखरेल र पूर्व मुख्य मन्त्री शेरधन राई रहेका थिए। कार्यक्रम सञ्चालन भोजबहादुर मगरले गरेका थिए।

सो क्रममा प्रमुख अतिथि घिमिरेले नेपाल आर्मी, नेपाल प्रहरी, भारतीय आर्मीबाट अवकाश प्राप्त भएर पनि संगठनको एउटै छाता मुनि रहेर समाज र राष्ट्रको निम्ति एक भएर लाग्नु गौरवको कुरा रहेको बताए।

# राष्ट्रिय प्रजातन्त्र दिवस मनाइँदै

**काठमाडौं/मस–** एक सय चार वर्षको जहाँनियाँ राणाशासन अन्त्य भई देशमा प्रजातन्त्र बहाली भएको दिनको सम्झनामा आज प्रजातन्त्र दिवस देशभर विविध कार्यक्रम गरी मनाइँदैछ । दिवसको अवसरमा आज काठमाडौंको टुँडीखेलमा विशेष समारोह आयोजना गरिँदैछ ।

जनक्रान्तिका माध्यमबाट राणाशासन अन्त्य गरी देशमा प्रजातन्त्र घोषणा भएको यस दिनको गौरवलाई सम्मान गर्दै सरकारले फागुन ७ गते औपचारिक समारोहका साथ दिवस मनाउँदै आएको छ ।

प्रजातन्त्र स्थापनाका लागि भएको संघर्षमा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगलाल श्रेष्ठले विसं १९९७ माघमा बलिदानी दिएका थिए ।

प्रजापरिषद् नामक राजनीतिक दल भूमिगत रूपमा स्थापना गरी प्रजातन्त्र स्थापनाका लागि जनतामा जागरण ल्याएको अभियोगमा उनीहरूलाई तत्कालीन राणा शासकले मृत्युदण्ड दिएको थियो ।

नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको २००६ सालमा एकीकरणपछि बने को नेपाली कांग्रेसका संस्थापक नेता बिपी को इरालाको नेतृत्वमा भएको सशस्त्र र निर्णायक आन्दोलन भयो । जहानियाँ राणा शासनविरुद्ध जनताले आन्दोलन गरी रगत बगाएपछि



राणा शासक जनतासमक्ष घुँडा टेक्न बाध्य भएको थियो ।

त्यसपछि तत्कालीन राजा त्रिभुवनको घोषणापछि राणा र काँग्रेस सम्मिलित सरकार गठन भई नेपालमा प्रजातान्त्रिक शासनकालको सूत्रपात भयो ।

फागुन ७ मा प्रजातन्त्र स्थापना भएको सम्झनामा सरकारले केन्द्रमा प्रत्येक वर्ष राजधानीको टुँडिखेलमा औपचारिक कार्यक्रमको आयोजना गरी विशेषरूपमा यो दिवस मनाउँदै आएको छ ।

सबै जिल्लाहरुमा पनि यो दिवस मनाइँदै आएको छ । दिवसका अवसरमा फागुन ६ गतेदेखि नै विभिन्न कार्यक्रम सञ्चालन हुँदै आए पनि फागुन ७ गते मुख्य दिनमा राष्ट्रपति विद्यादेवी भण्डारीकै उपस्थितिमा सैनिकमञ्च टुँडिखेलमा विशेष समारोह आयोजना गरिँदै छ ।

टुँडिखेलमा नेपाली सेनाद्वारा तोप र बन्दुकको बढाइँ गरिने छ भने प्रजातन्त्रका लागि जीवन उत्सर्ग गर्ने ज्ञातअज्ञात शहीदप्रति प्रार्थना र स्मरण गरिने छ । यस्तै नेपाली सेनाको हेलिकप्टरबाट पुष्पवृष्टि गरिने गृह मन्त्रालयले जनाएको छ ।

### पाँचसय एकको कैद मिनाहा

राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले ५०१ जना कैदीको भुक्तान हुन बाँकी कैद माफी मिनाहा गरेकी छन् । नेपालको संविधानको धारा २७६ बमोजिम फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन)ऐन, सर्वोच्च अदालतको परामादेशको आदेश, मुलुकी अपराध संहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५ र फौजदारी कसूर 'कैद कट्टा' (पहिलो संशोधन नियमावली, २०७६) अनुसार मन्त्रिपरिषद्को सिफारिसमा उनले बाँकी कैद मिनाहा गरेकी हुन् ।

### राष्ट्रपतिद्वारा बाह्र जनाको सजाय माफी

राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न अदालतबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम लागेको सजाय माफी गरेकी छन् । नेपालको संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट आङनिमा शेर्पासमेतका १२ जनाको सजाय माफी भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

# सडक विस्तारका क्रममा वातावरणीय पक्षलाई ध्यान दिन आग्रह

**काठमाडौं/मस–** नेपाल वातावरण पत्रकार समूहले पछिल्ला दिनमा विभिन्न विकास आयोजनामा वातावरणीय पक्षलाई नजरअन्दाज गरिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

समूहले पृथ्वी राजमार्गको मुग्लिनदेखि पोखरा खण्डको सडक विस्तार तथा चितवनको टिकौली क्षेत्रको सडक निर्माणका क्रममा लापरबाही र वातारणीय पक्षलाई वेवास्ता गरिएको भन्दै चिन्ता व्यक्त गरेको हो ।

वन्यजन्तु कोरिडोरमा सडक निर्माणको क्रममा आवागमनलाई व्यवस्थित गर्न अण्डरपास जस्ता वातावरणमैत्री संरचनाको निर्माण गर्ने कदमको भने स्वागत गरेको छ । घटनाबारेमा जिम्मेवार सडक विभाग र राज्यका अन्य निकायले समयमै सत्यतथ्य सार्वजनिक गर्ने, दोषीलाई विद्यमान कानुनको कठघरामा उभ्याउनुको साटो छानबिनका नाममा आलटाल गर्ने, एक अर्कामाथि दोष थोपार्ने र निर्माण व्यवसायीको दोष देखाउने लहर चलेको छ ।



समूहका अध्यक्ष कसमस विश्वकर्माले शुक्रबार विज्ञप्तिमार्फत विकास आयोजना वातावरणमैत्री बनाउन र तिनको कार्यान्वयनका क्रममा वातावरणीय कानुनको पूर्ण पालना गर्न आग्रह गरेका छन् । साथै उनले दोषीमाथि कानुनअनुसार कारबाही गर्न माग गरेका छन् ।

समूहले सडक आयोजनामा लगानी गरिरहेको एशियाली विकास बैंकको नेपाल कार्यालयलाई वातावरण व्यवस्थापन योजना कार्यान्वयनमा ध्यानाकर्षण गराएको छ । त्यसैगरी चितवनको टिकौली क्षेत्रमा गैंडा मारिएको घटनाको छानबिन समितिको प्रतिवेदन सार्वजनिक गर्न र दोषीलाई कारबाही अघि बढाउन माग गरिएको छ ।

## दैलेख डायरी

**यामराज बिष्ट/मध्यान्ह**

# जिल्ला निर्वाचन कार्यालयले शुरु गऱ्यो निर्वाचनको तयारी

छैठौं निर्वाचन दिवस २०७८ को अवसरमा जिल्ला निर्वाचन कार्यालय दैलेखले स्थानीय तह निर्वाचनलाई लक्षित गरी आन्तरिक तयारी शुरु गरेको छ ।

२०७४ वैशाखमा निर्वाचित स्थानीय तहका पदाधिकारीहरुको अवधि अन्तिम चरणमा पुगेसँगै आगामी २०७९ वैशाख ३० गते हुने निर्वाचनका लागि अन्तरक्रिया कार्यक्रम गर्दै तयारी अघि बढाएको हो ।

फागुन ७ गते परेको निर्वाचन दिवसको अवसरमा जिल्ला निर्वाचन कार्यालय दैलेखले जिल्लाका राजनीतिक दल, स्थानीय तह प्रमुख एवं प्रतिनिधि, पत्रकार तथा अन्य



सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गरेको जिल्ला निर्वाचन कार्यालय दैलेखकी जिल्ला निर्वाचन अधिकारी मनमाया काउचाले मध्यान्हलाई जानकारी दिइन् ।

स्थानीय तहको निर्वाचनको मिति घोषणा भएलगत्तै निर्वाचन सम्बन्धी कामहरु अगाडि बढिसकेको जिल्ला निर्वाचन अधिकारी काउचाको भनाइ छ ।

२०७८ वैशाख २९ गतेसम्म १८ वर्ष उमेर पूरा भई मतदाता नामावलीमा नाम दर्ता गराएका नेपाली नागरिकले निर्वाचनमा मतदान गर्न पाउने उनले बताइन् । कार्यालयको तथ्यांक अनुसार दैलेखमा १ लाख ६६ हजार ६ सय १४ जना मतदानका लागि महिला ८२ हजार ७ सय ९६ र पुरुष ८३ हजार ८ सय १८ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् । १ लाख ६६ हजार ६ सय १४ जनामध्ये पनि विवरण सच्याउने कार्य भइरहेकाले अन्तिम नामावलीमा मतदाता संख्या बढ्न सक्ने जिल्ला निर्वाचन अधिकारी काउचाको भनाइ छ ।

# गर्भवती महिलाको हेलिकप्टरबाट उद्धार

दैलखमा एक गर्भवती महिलाको हेलिकप्टरबाट उद्धार गरिएको छ ।

आठबिस नगरपालिका वडा नं १ की २८ वर्षीया विना बिकलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले मध्यान्हलाई जानकारी दिए ।

शुक्रबार बिहान घाँस काट्ने क्रममा लडेर चोटपटक लागेको विनाको अत्यधिक रक्तस्राव भएपछि शुक्रबार दिउँसो हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि सुर्खेत पठाइएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए ।

जिल्लामा गर्भवती महिला र बच्चाको स्वास्थ्यमा जोखिम भएको जानकारी पाएपछि जिल्ला प्रशासन कार्यालयको समन्वयमा महिला, बालबालिका मन्त्रालयको राष्ट्रपति महिला उद्धार कोषबाट सुत्केरी बिनाको हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पठाएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए ।

उनले भने, 'अकालमा ज्यान जान दिनुभएन त्यसैले राष्ट्रपति महिला उद्धार कोषमार्फत उद्धार गरी सुर्खेत पठाइएको हो ।' हालसम्म दैलेखबाट मात्रै साउनदेखि यता सुत्केरी तथा गर्भवती महिलाको हेलिकप्टरमार्फत ११ जनाको उद्धार भइसकेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७६/०२/०६ मा दर्ता भएको **प्रा.लि. नं. २१५६०८** को **केम इन्स्टिच्यूट अफ टेक्नोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/११/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
प्रथम पटक प्रकाशित मिति २०७८/११/०७
यस कम्पनीको मिति २०७८/१०/१९ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **सुपर निर्माण कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. १५९०५५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने ब्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुपर निर्माण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
**प्रकाशित मितिः २०७८/११/०७**
यस कार्यालयमा मिति २०७७/०४/१३ मा दर्ता भएको **प्रा.लि. नं. २३९११४** को **वाग्ले कृषि फार्म प्रा.लि.**, नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**INVITATION FOR ONLINE BIDS**

**Likhu Tamakoshi Rural Municipality**
**Office of the Rural Municipal Executive**
Dhobibazar, Ramechhap
Bagmati Province, Nepal

**Invitation for Online Bids for the tilpung chaaga bohoragau chawakharka chaapgau gairi sadak**

**Contract Identification No:** LTRM/NCB/WORK/04/078/79
**Date of publication:** 18-02-2022

1. Likhu Tamakoshi Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of tilpung chaaga bohoragau chawakharka chaapgau gairi sadak under National Competitive Biddingprocedures. The estimated amount for the works is Rs. (in NRs) 13643393.80(Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Likhu Tamakoshi Rural Municipality, Likhu Tamakoshi, Dhobi Bazar, Ramechhap, Bagmati Province, Nepal ormay visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Likhu Tamakoshi Rural Municipality, Likhu Tamakoshi, Dhobi Bazar, Ramechhap, Bagmati Province, Nepal and the office Likhu Tamakoshi Rural Municipality, Likhu Tamakoshi, Dhobi Bazar, Ramechhap, Bagmati Province, Nepal by eligible Bidders on thesubmission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000.0 till null during office hours.

OR

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank

Name of the Bank : Nepal Investment Bank Ltd.
Name of Office : Likhu Tamakoshi Rural Municipality
Office Account No. : 07001400250016

4. Pre-bid meeting shall not be held.
5. Sealed or electronic bids must be submitted to the office Likhu Tamakoshi Rural Municipality, Likhu Tamakoshi, Dhobi Bazar, Ramechhap, Bagmati Province, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 21-03-2022 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 21-03-2022 13:00 at theoffice of Likhu Tamakoshi Rural Municipality Likhu Tamakoshi, Dhobi Bazar, Ramechhap, Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 385000.0, whichshall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.
8.. Likhu Tamakoshi Rural Municipality Office, Dhobibazar, Ramechhap reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**KUWAIT मा रोजगारको अवसर** | कम्पनीः **OASIS FLOWERS** शहरः **KUWAIT**

पूर्व स्वीकृत मितिः २०७८/११/०६ चलानी नं.: ६०१७४७०१ LT. No.: 258080

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Natural Plant Florist | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 2 | | 100 | ३९,६३८ | | | | | | | |


अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन १४ गते (26 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ११६३/०७३/०७४
**Blue Ocean Recruitment Pvt. Ltd.**
New Baneshwor, Kathmandu, Tel: 4476215, 4491772 | Mob.: 9851073543, 9840749988 | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com

Hilton Academy Pvt.Ltd. A great place for career
**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।




नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## कथा

# मायालु स्पर्शको सुखानुभूति

उसको क्रियाकलापको मेरो मष्तिष्कले विरोध गर्दागर्दै पनि मेरो शरीरले चै उसको व्यवहारलाई स्वीकारी रहेको थियो । दमित चाह परिपूर्तिको पूर्व संकेतको आभासद्धारा मान्छे उल्लासको तालमा डुब्दो रहेछ । ममा यो सत्यता लागू हुँदै थियो । उसको हातको सुमसुम्याईबाट मलाई मायाको प्रतिबद्धता बर्षिरहे झै लागिरहेको थियो । पूरुष स्पर्शको सुखानुभूतिले म आफ्ना परेला एक आपसमा जोडदै फुसफुसाएँ । मदहोसिमा मेरो स्वर बिस्तारै मिहिन हुँदै थियो ।



■ बद्री अधिकारी

पूर्णचन्द्रको सितलता जस्तै उसको सामिप्यताले मलाई शाश्वत सितलताको अनुभूत गराउने गर्दथ्यो । युद्ध मैदानमा हार्न लागेको सिपाही कमाण्डरको उपस्थितिको आभासबाट जसरी मजबुत, नीडर, साहसी र हिम्मतिलो बन्दछ म पनि त्यस्तै हुन्थेँ । मानौं मेरा लागि उसलाई इस्वरले यो धर्तिमा रक्षाका लागि पठाएका हुन् । त्यसैले होला म उसका हरेक चाहनालाई परिपुर्ति गर्न लालायित हुने गर्दथेँ । हो ऊ मेरो मन मन्दिरमा सदा बिराजमान हुँदै थियो । म उसलाई खुसी र सुखी देख्न चाहन्नथेँ । घरीघरी एक्लै हुँदा आफ्नो अतितको सुमधुर क्षणको समुन्द्रमा सूर्यस्नान गर्न पुग्दथेँ ।

बितेका पलको सम्झनाले मन चन्चल हुन्थ्यो र मुहारमा चन्चलता दगुर्न थाल्दथ्यो । खोइ ! के भएको हो ? उसको बलिस्ठ शरीरको आकर्षण हो या शालीन व्याक्तित्वको प्रभाव ! उसँगको घरीघरीको जंकाभेट मेरा लागि कुकुरलाई घाँटीमा अड्किएको हाड झैं हुने गर्दथ्यो । मेरो शिर लाजले निहुरिन्थ्यो र आँखाले दिशा परिवर्तन गर्दथे । उसका आँखा आफ्नो उरोजमा टासिँएको देख्दा पनि मभित्र उप्रति क्रोध उत्पन्न हुँदैनथ्यो । यसलाई के भन्ने, माया या मभित्रको कुर्कुराउदो बैंस ? उसको त्यो हेराइ देख्दा पनि मभित्र ऊ प्रति किन क्रोध उत्पन्न नभएको होला ? मनमनै म आफू आफैंसँग रिसाउथेँ । मस्तिष्क रिसाएर के गर्नु, मन रिसाउदैनथ्यो ।

